




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत २४ गते बिहीबार ❑ 7 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## खुल्ला प्याराग्लाइडिङ च्याम्पियनसिप सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ चैत**



पोखरामा बुधबार देखि सुरु भएको २० औं संस्करणको नेपाल खुल्ला प्याराग्लाइडिङ च्याम्पियनसिप अर्न्तगत बुधबार भएको पहिलो चरणको सोलो ओभरअलमा समान ३/३ अंकका साथ नेपाली सेनाका सागर जलारी र बिष्णु तिमिल्सिना अग्र स्थानमा रहेका छन् ।

महिला तर्फ ५० अंकका साथ दुर्गा माया गुरुङ अग्र स्थानमा रहेकी छन् । जलारी र तिमिल्सिना भन्दा एक अंकले पछि परेका बिशाल थापा ४ अंकका साथ दोश्रो स्थानमा रहेको हवाई खेलकुद संस्था नाका प्राविधिक उपाध्यक्ष एवं प्रतियोगिताका निर्णायक समितीका सह-संयोजक अनिल केसीले बताए । टेण्डम ओभरअलमा २ अंकका साथ शिव थापा अग्र स्थानमा, ३ अंकका साथ सुवास थापा दोश्रो स्थानमा रहेका छन् ।

उक्त प्रतियोगितामा ८ जना महिला सहित ७७ जना प्याराग्लाईडिङ पाइलटहरु सहभागी भएको नाले जनाएको छ । शुक्रबारसम्म पोखरामा संचालन हुने उक्त प्रतियोगिताको एक समारोहका बिच गण्डकी प्रदेशका सांसद राजीव पहारीले उद्घाटन गर्दै उक्त प्रतियोगिताले पोखराको पर्यटन प्रबर्द्धन गर्न मद्धत पुग्ने बताए । पोखरामा क्षेत्रीय अन्तराष्ट्रिय बिमानस्थल निर्माण भएसंगै अब पोखराको प्याराग्लाईडिङलाई समयको आधारमा व्यबस्थापन गर्नुपर्ने उनले बताए। सांसद पहारीले भने "पोखराको बसाई अवधि लम्बाउने एउटा राम्रो प्रोडक्ट सहासिक खेल प्याराग्लाईडिङ विमानस्थलको कारण बिस्थापित भए पोखराको लागि ठुलो क्षेति हुने छ ।" कार्यक्रममा वोल्दै पोखरा पर्यटन परिषदका अध्यक्ष गोपी बहादुर भट्टराईले कोरोनाबाट प्रभावित भएको पर्यटन क्षेत्रलाई यस्ता सहासिक खेल गतिविधिले थोरै भए पनि पुनरुउथान गर्न मद्धत पुग्ने विश्वास व्यक्त गरे । सांसद पहारीले पाइलटलाई ग्लाडर हस्तान्तरण गरी कार्यक्रमको शुभारम्भ भएको थियो । प्रतियोगितामा ३७ जना टेण्डम (व्यवसायीक प्याराग्लाईडिङ) पाइलट र ३२ जना लोसो(सिक्दै गरेका पाइलट) को सहभागिता हुने भएको नाका प्राविधिक उपाध्यक्ष एवं प्रतियोगिताका निर्णायक समितीका सह-संयोजक अनिल केसीले बताए। यस पटक एक्युरेसी तर्फको प्रतिष्प्रर्धा हुने भएको प्रतियोगिताका संयोजक बलराम आचार्यले बताए । महिला/पुरुष तथा टिम तर्फ गरी ७ वटा इभेण्टमा प्रतिष्प्रर्धा हुने भएको संयोजक आचार्यले जनाए । प्याराग्लाइडिङको एक्युरेसी तर्फ लोसो ल्याण्डिङ् ओभरअलको प्रथम, द्वितिय, तृतिय र सान्त्वना हुने खेलाडीले क्रमशः नगद ५०, ३०, २० र १० हजार प्राप्त गर्ने भएको छ । सोही विधामा महिलातर्फ भने प्रथम, द्धितिय, तृतिय र सान्त्वना हुने खेलाडीले क्रमशः ३०, २०, १० र ५ हजार रुपैया प्राप्त गर्ने भएको संयोजक आचार्यले बताए । त्यसै गरी टिम एक्युरेसी लोसो ल्याण्डिङ ओभरअलमा प्रथम, द्धितिय र तेश्रो हुनेले क्रमशः २०, १५, १० हजार रुपैया पुरस्कार प्राप्त गर्ने भएका छन्। एक्युरेसी टेण्डम ल्याण्डिङ ओभरअलमा प्रथम, द्धितिय र तेश्रो तथा शान्त्वना हुनेले क्रमशः ३०, २०, १०, ५ हजार रुपैया प्राप्त गर्ने भएको छ। त्यस्तै एक्युरेसी टिम टेण्डम ल्याण्डिङ ओभरअलमा प्रथम, द्धितिय र तेश्रो हुने खेलाडीले क्रमशः ३०, २०, १० र ५ हजार रुपैया प्राप्त गर्ने भएको नाले जनाएको छ । एयर शो (एक्रोबेटिक) तर्फ प्रथम, द्धितीय र तेश्रो हुनेले क्रमशः १५, १० र ५ हजार रुपैया प्राप्त गर्ने भएका छन भने वेष्ट कस्टुयुम (गरुणा फन) तर्फ उत्कृष्ट एक जना खेलाडीलाई १० हजार नगद पुरस्कारको साथमा शिल्ड, मेडल तथा प्रमाण पत्र वितरण गरिने भएको नाका अध्यक्ष कृष्ण भण्डारीले बताए । प्रतियोगितामा गण्डकी प्रदेशको राजधानि पोखरा सहित मधेष प्रदेश बाहेक अधिकांश प्रदेशका खेलाडीहरु सहभागि भएको नाले जनाएको छ । विभागिय टीमबाट नेपाली सेनाका खेलाडी समेत सहभागि भएका छन् ।

कोभिड १९ को कारण विगत दुई बर्ष देखि स्थगित उक्त प्रतियोगिता यस बर्ष एकुरेसि तर्फको इभेण्टमा गरिएको अध्यक्ष भण्डारीले जनाए । नाको आयोजानमा यस अघि पोखरा र स्याङजाको स्वरेक मैदानमा प्याराग्लाइडिङको प्रि वर्ल्ड कप तथा वर्ल्ड कप समेत भई सकेको छ । पोखरामा व्यवसायिकरुपमा सञ्चालन भएका ६० भन्दा वढी कम्पनी रहेको र करिव ३ सय ६६ टेण्डम प्यराग्लाइडिङ पाइलट र कबिर एक सय ४० जना जसो सोलो प्याराग्लाईडिङ पाइलटहरु रहेको तिवारीले जनाए । उक्त प्रतियोगितालाई नेपाल प्याराग्लाइडिङ तथा ह्याङ्ग्लाइडिङ संघ र नेपाल प्याराग्लाइडिङ पाइलट क्लबको सहयोगमा भएको नाले जनाएको छ।

## गुणस्तरीय स्वास्थ्य सेवा विकासको पहिलो सर्त हो : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, २३ चैत**

प्रधानमन्त्री शेरबहादुर देउवाले स्वास्थ्य विज्ञानको क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको अध्ययन अनुसन्धानलाई प्रवर्द्धन गरी मुलुकका लागि आवश्यक दक्ष स्वास्थ्य जनशक्ति उत्पादनमा जोड दिन आवश्यक रहेको बताउनुभएको छ ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको पाँचौं सभामा उहाँले प्रतिष्ठानले गण्डकी प्रदेशका नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै सहज र सुलभरूपमा चिकित्सा शिक्षाको अध्ययन अध्यापनको अवसरसमेत प्रदान गर्दै आएको उल्लेख गर्नुभयो ।

विसं २०१३ सालमा स्थानीय तहमा सोल्जर बोर्ड अस्पतालका रूपमा स्थापना भएको उक्त अस्पताल ५०० शय्यामा स्तरोन्नति भएको छ ।

प्रधानमन्त्री देउवाले भन्नुभयो, "प्रतिष्ठानले चिकित्सा शास्त्रमा दक्ष जनशक्ति उत्पादन गर्ने प्रतिष्ठानका रूपमा समेत आफूलाई उभ्याउन सकेकोमा मलाई खुसी लागेको छ ।"

गुणस्तरीय स्वास्थ्य सेवा विकासको पहिलो सर्त भएको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले स्वस्थ र निरोगी नागरिकबाट नै मुलुकको आर्थिक सामाजिक रूपान्तरण सम्भव रहेको बताउनुभयो । प्रतिष्ठानले आम जनसमुदायलाई पुऱ्याउँदै आएको स्वास्थ्य सेवालाई आगामी दिनमा थप स्तरीय र चुस्त बनाई अस्पतालको सेवामा बढीभन्दा बढी जनताको पहुँच विस्तार गर्न आवश्यक रहेको बताउँदै प्रधानमन्त्री देउवाले विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ बाट सङ्क्रमितहरूको परीक्षण र उपचारका लागि यस प्रतिष्ठानले पुऱ्याएको सेवा प्रशंसनीय रहेको उल्लेख गर्नुभयो । प्रतिष्ठानलाई आवश्यक पर्ने सहयोग निरन्तररूपमा उपलब्ध गराउन सरकार सकारात्मक रहेको बताउँदै उहाँले पूर्वाधारहरूको विकास गरी अस्पतालको सेवालाई अझ गुणस्तरीय र प्रभावकारी बनाउन सुझाव दिनुभयो ।

## गठबन्धनमा चुनावमा जाने सहमति भैसकेको छ : अध्यक्ष दाहाल

**रासस**
**चितवन, २३ चैत**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी निर्वाचनमा गठबन्धनमै चुनावमा जाने सहमति भैसकेको बताउनुभएको छ ।

भूमिहीन, दलितलाई जग्गा धनी प्रमाण पूर्जा वितरण कार्यक्रमलाई आज यहाँ सम्बोधन गर्दै उहाँले संविधान र परिवर्तनलाई जोगाउन स्थानीय, प्रदेश र सङ्घको निर्वाचनमा गठबन्धनमै जानुपर्ने बताउनुभयो । दाहालले प्रतिगामीहरूलाई परास्त गर्दै लोकतान्त्रिक शक्तिहरूका बीचमा बनेको गठबन्धनको सरकार राष्ट्र र नेपाली जनताका समस्यालाई दीर्घकालीनरूपमा समाधान गर्न क्रियाशील रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सबै आ-आफ्नो ठाउँबाट लचिलो भई त्याग गर्ने मानसिकता भयो भने असम्भव भन्ने केही हुँदैन ।"

वर्षौंदेखि आफ्नो पार्टीले भूमिहीन समुदायलाई भूमिपति बनाउने सङ्घर्षको सार्थकरूपको सुरूआत बुधबार चितवनको भरतपुरबाट सुरू भएको उहाँको भनाइ छ। विसं २०३६ सालमा भूमिहीनहरूको समस्यालाई उजागर गरेर आफूले क्रान्तिको सुरूआत गरेको भन्दै भूमि प्राप्तिको राष्ट्रिय अभियानलाई द्रुत गतिमा अगाडि बढाएर सम्पूर्ण भूमिहीनहरूलाई भूमिपति बनाउन सरकार र भूमि आयोगका पदाधिकारीलाई आग्रह गर्नुभयो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठले भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई धनीपुर्जा प्रदान गरेर भूमि प्राप्तिको अभियानलाई निरन्तरता दिइने बताउनुभयो । मन्त्री श्रेष्ठले भूमिहीनलाई लालपूर्जा दिने कार्य कुनै पनि निर्वाचनले नरोक्ने बताउनुभयो ।

असली भूमिहीन नछुट्न भन्नेमा सरकार र पार्टी प्रतिबद्ध भएको भन्दै उहाँले चितवनबाट यसको सुरुआत गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "कोही भूमिहीन नछुटुन् र कोही गैर भूमिपतिहरूले भूमिहीनको नाममा जग्गा नपाउन् भन्नेमा समेत आयोगका पदाधिकारी तथा कर्मचारीहरू

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सुरक्षा संवेदनशीललाई ख्याल गरी काम गर्न मुख्यमन्त्रीको निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ चैत**



गण्डकी प्रदेश सरकार आन्तरिक मामिला मन्त्रालयको आयोजनामा अन्तर जिल्ला सुरक्षा समन्वय बैठक बुधबार बागलुङमा भएको छ । वार्षिक कार्यक्रम अनुसार चैत २० गते ७ जिल्लाको बैठक तनहुँमा भएको र बाँकी ४ जिल्लाको बैठक बागलुङमा गरिएको आन्तरिक मामिला मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले बताए ।

बैठकको प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले उद्घाटन गरे । उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल शासन व्यवस्था अनुसार प्रहरीको भूमिका फरक हुने भन्दै दक्षता र योग्यता अनि अनुभव तिखार्दै मैदानमा उत्रनुपर्ने भनाइ राखे ।

प्रहरीलाई स्रोत साधनयुक्त बनाउन राज्य संयन्त्र उदार हुन नसकिएको स्वीकार गर्दै उनले उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गरे नागरिकलाई सेवा प्रदान गर्न निर्देशन दिए । उनले भने, 'सुरक्षा संवदेनशीललाई ख्याल गरेर त्यही अनुसार कार्यसम्पादन गर्नु होला। समाजलाई सुरक्षा प्रदान गर्ने प्रहरी आफै सुरक्षित छैन भने कसरी फिल्डमा उत्रन सक्छ, भन्नेतर्फ सरकार संवेदनशील रहेको बताए । ३ तहका सरकारबीच समन्वयको खाँचो देखिएको उनले उल्लेख गरे । हिमाली क्षेत्रमा विपदका बेला उद्धार र राहतका लागि विशेष व्यवस्था गर्नेमा सरकार तत्पर रहेको प्रतिबद्धता उनले जनाए ।

आन्तरिक मामिला मन्त्री डोवाटे विकले विपद व्यवस्थापन र सुरक्षा संयन्त्र चुस्त बनाउन प्रदेश सरकार क्रियाशील रहेको भनाए राखे । जिल्ला प्रशासनले प्रदेशमा समेत विपदका घटनाका बारेमा जानकारी गराइदिन उनले आग्रह गरे । 'प्रदेशबाट छिटो समाधान गर्न सकिने कतिपय विषयहरु छन् । यसमा सूचना दिन कन्जुस्याइँ नगरिदिनुहोला,' उनले भने ।

कार्यक्रममा प्रमुख सचिव रविलाल पन्थले जिल्लामा शान्ति सुरक्षाका सन्दर्भमा काम गर्न कसैलाई सोध्नुपर्ने अवस्था रहेको भन्दै ढुक्क भएर काम गर्न प्रमुख जिल्ला अधिकारीहरुसँग आग्रह गरे । प्रहरीको संख्या बढाएर मात्र शान्ति सुरक्षा कायम हुने होइन भन्दै निगरानी र अनुसन्धान बढाउन नागरिकले अनुभूति गर्ने गरी काम गर्न सकिने उनको भनाइ थियो । अनुशासन, चेन अफ कमान्ड कायम राख्नुपर्ने भन्दै उनले प्रहीलाई स्रोत साधन सम्पन्न गराउन प्रदेशले सक्दो सहयोग गर्दै आएको भनाइ राखे ।

मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोलाले सुरक्षा व्यवस्था चुस्त पार्दै अमनचयन कायम गर्नु राज्यको पहिलो दायित्व रहेको बताए । विकास निर्माणका काम अवरुद्ध हुन नदिने अवस्था आउन नदिन प्रमुख जिल्ला अधिकारीहरु चनाखो हुनुपर्ने उनको भनाइ थियो। आन्तरिक मामिला सचिव बद्रीनाथ अधिकारी बैठकका क्रममा उठेका विषयवस्तुलाई प्रदेश सरकारले स्रोत र साधन अनुसार संवोधन गर्दै जाने भनाइ राखे । नेपाली सेनाको श्री नम्बर २३ वाहिनी मुस्ताङका वाहिनीपति सहायक रथी रामप्रसादले सुरक्षा संवेदनशीलतको आँकलन गर्दै नेपाली सेनाले रणनीति बनाइरहेको बताए ।

राष्ट्रिय अनुसन्धान गण्डकी प्रदेश प्रमुख कुलदेव थापाले

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# वालिङमा अर्गानिक अचारको व्यावसायिक उत्पादन र बिक्री

**प्रकाश डोटेल**
**स्याङ्जा, २३ चैत**

स्याङ्जाको वालिङमा अर्गानिक अचारको व्यावसायिक उत्पादन र बिक्री बितरण शुरु गरिएको छ।

'आमाको हात घर-घरको स्वाद' भन्ने नाराका साथ वालिङमा अर्गानिक अचार घर सञ्चालनमा आएसँगै आचारको व्यावसायिक उत्पादन र बिक्री वितरण शुरु भएको हो।



वालिङ नगरपालिकाको अगुवाईमा युएनिडपी नेपाल र स्थानीय दियालो संस्थाको साझेदारी तथा वालिङ अदुवा तथा कृषि उपज प्रशोधन उद्योगको सहकार्यमा वालिङ नगरपालिका ८ बाणिज्य टोलमा अचार घर सञ्चालनमा ल्याईएको छ। "स्थानीय श्रोत र साधनको उच्चतम प्रयोगबाट हुने उत्पादनको प्रयोग गर्दै शुरु गरिएको अर्गानिक अचार अभियानलाई नगरपालिकाले साथ दिन्छ।" अचार घरको शुभारम्भ गर्दै नगरप्रमुख दिलिपप्रताप खाँणले भने, "उत्पादित बस्तुहरुको बाई प्रोडक्ट बनाउने गर्दा उत्पादित बस्तुहरु खेर जाने समस्या रहदैन।" नगरपालिकाले कोशेली घरको समेत सञ्चालनमा ल्याउन लागेको जानकारी गराउदै नगरप्रमुख खाँणले स्थानीय उत्पादनसँगै बाईप्रोडक्टमा जोडिनु पर्ने घारणा बताए।

उत्पादित बस्तुहरुको बाईप्रोडक्ट गराउँदा बजारीकरणमा समेत निक्कै सहजता हुने उनले विश्वास जनाए। स्थानीय स्तरमा आमाहरुको सक्रियतामा तयार पारिएको अचारलाई लेवलिङ तथा ब्राण्डिङ गरी सहज रुपमा बजारसम्म पुऱ्याउने तयारी गरिएको वालिङ अदुवा तथा कृषि उपज प्रशोधन उद्योगका अध्यक्ष शिव डुम्रेले जानकारी दिए। महिलाहरुको सक्रियतामा अचारको उत्पादन शुरु भएको भन्दै दियालो संस्थाका अध्यक्ष कविता तिवारीले उत्पादन बढाउन र बजारीकरणका लागि साझेदार संस्थाले सहजीकरण गर्ने बताईन्। उनले उत्पादन बढाउन सके बजारीकरणको समस्या नरहेको समेत बताईन्।

स्थानीय महिला उद्यमी पुना भुषालले महिलाहरु खाली समयमा काम गरे पनि उत्पादित बस्तुबाट राम्रो अचार लगायतका सामग्री बनाउन सक्ने बताईन्। वालिङ अदुवा तथा कृषि उपज प्रशोधन उद्योगले साझेदार निकायसँग मिलेर अचार, मसला लगायतका सामग्रीहरु उत्पादन र बिक्री गर्दै आईरहेको छ।

# बिटी कपमा दोस्रो चरणका खेल सकिए, बिहीबारदेखि प्रिक्वाटर

**मिना भुजेल**
**पोखरा, २३ चैत**

बिटी क्लबको आयोजनामा जारी १५ औं बिटी कप पाँचौ विरेन स्मृति सेभेन ए साईड फुटबल प्रतियोगितामा आज दोस्रो चरणका खेलहरु सकिएका छन्।

पोखरा १ बगरस्थित पुरानो टुडिखेलमा आज दोस्रो चरणका खेलहरु सकिएसँगै बुधबारदेखि प्रिक्वाटरफलाईनलको खेल हुने क्लबका अध्यक्ष विजय गुरुङले जानकारी दिईन्।

गुरुङका अनुसार बुधबार भएको पहिलो खेलमा मालेपाटन एफसीले पाटन एफसीलाई २-० गोल अन्तरले पराजिगत गर्यो। मालेपाटनको जितमा सोम तामाङ र मिलन मगरले समान १ गोल गरे।

त्यसैगरी दोस्रो खेलमा मेरो नेपालले एनजी एफसीलाई ३-० गोलको फराकिलो अन्तरले हरायो। मेरो नेपालको जितमा रामचन्द्र नेपालीले २ गोलको योगदान दिए भने सम्पन्न श्रेष्ठले १ गोल गरे। अध्यक्ष गुरुङले शितलज्योती क्लब र नदीपुर युनाईटेड बिच भएको खेल गोलरहित भएपछि टाईब्रेकरमा शितलज्योतीले ३-१ गोल अन्तरले जित निकाल्दै प्रिक्वाटरफाईनलमा प्रवेश गरेको बताईन्। उनका अनुसार हाम्रो एफसी र भिमकाली एफसी बिच भएको चौंथो खेलमा गोलरहित भएपछि टाई ब्रेकरमा हाम्रो एफसीले ४-३ गोल अन्तरले पराजित गर्यो। पाँचौ खेलमा सत्य युवा क्लब बाझाँपाटनले कमलपोखरीलाई टाई ब्रेकरमा ३-१ गोल अन्तरले हराउदै अन्तिम १६ मा स्थान बनायो। छैटौं खेलमा रफ व्याईज र हेम्जा युनाईटेड बिच भएको खेलपनि गोलरहित भएपछि टाईब्रेकरमा ७-६ गोल अन्तरले हेम्जा युनाईटेडले जित निकाल्यो। सातौं खेलमा भिमकाली यु-१७ ले रामघाट एफसीलाई टाईब्रेकरमा ३-१ गोल अन्तरले पराजित गर्दै प्रिक्वाटरफाईनलमा प्रवेश गर्यो। अन्तिम खेलमा लालीगुँरास क्लब धम्पुसलाई लेकसाइड एफसीले ४-० गोलको फराकिलो अन्तरले पराजिगत गर्यो।



लेकसाइडको जितमा सन्त बहादुर गुरुङले हायाट्रिक गरे भने विमल रानाले १ गोलको योगदान दिए। आयोजकका अनुसार बिहिबारदेखि प्रिक्वाटरका खेलहरु सञ्चालन हुनेछन्। प्रतियोगिता विजेता टोलीले १ लाख ५१ हजार १ सय ५१ र उपविजेता टोलीले ९१ हजार १ सय ११ रुपैंया प्राप्त गर्नेछ।

# कास्की लिग: डिफेण्डिङ च्याम्पियनमाथी नव आदर्शको सँघर्षपूर्ण जित

**निर्मला नेपाली**
**पोखरा, २३ चैत**

अखिल नेपाल फुटबल संघ (एन्फा) कास्कीको आयोजनामा जारी जिल्ला स्तरीय साबित्री निर्माण सेवा फुटबल लिगमा शिर्ष स्थानमा रहेको नव आदर्श क्लब लामाचौरले सँघर्षपूर्ण जित निकालेको छ।

दोस्रो चरणको खेल अन्तर्गत पोखरा रगशालास्थित वैकल्पिक खेलमैदानमा आज भएको पहिलो खेलमा डिफेण्डिङ च्याम्पियन आदर्श युवा क्लब भण्डारढिकलाई नव आदर्शले २-१ गोल अन्तरले पराजित गरेको हो।



नव आदर्शको जितमा १२ औं मिनेटमा कुनल राईले पहिलो गोल गरे भने खेलको २६ औ मिनेटमा सजिस गुरुङले गोल गर्दै टिमलाई जित दिलाए। हार व्यहोरेको साविक विजेता आदर्श क्लबको तर्फबाट १५ औं मिनेटमा बुद्धि तामाङले सान्त्वना १ गोल फर्काएका थिए। यो जितसँगै नव आदर्शले ६ अंक जम्मा गरेको छ। भने आदर्श क्लबको १ अंक रहेको छ। त्यसैगरी दास्रो खेलमा भदौरे क्लबले डेभिजफललाई २-१ गोल अन्तरले पराजित गरेको छ। भदौरेको जितमा समुन्द्र सुवेदीले र कुशल परियारले समान १ गोल गरे भने डेभिजफलको तर्फबाट सुदिप रानामगरले सान्त्वना १ गोल फर्काए। उक्त जितसँगै भदौरे क्लबले ३ अंक जम्मा गरेको छ। भने डेभिजफलको पनि ३ अंक रहेको छ। अर्को खेलमा एपेक्स क्लबको अनुपस्थितिमा ड्यामसाईड क्लबले वाकओभर मार्फत विजयी बन्दै ३ अंक बटुलेको छ। भने एपेक्सले दुई खेलमा कुनै पनि अंक बटुल्न सकेको छैन। रङ्गशाला स्थित वैकल्पिक खेल मैदानमा भएको अन्तिम खेलमा ईन्द्रेणी एकिकृत विकास केन्द्र र एलजी एशोसियसन बिच भएको खेल गोलरहित बराबरीमा सकिएको खेल संयोजक नर प्रसाद गुरुङले जानकारी दिए। उनका अनुसार उक्त खेलबाट दुवै टिमले समान १ अंक बाडेका छन्। र अहिलेसम्म दुवै टिमले दुई खेल खेल्दै समान ४ अंक बनाएका छन्। पोखरा महागरपालिका २५ हेम्जा स्थित गौरीशंकर खेलमैदानमा भएको पहिलो खेलमा हेम्जा युनाईटेडले पोखरा युनाईटेड क्लबलाई ३-० गोल अन्तरले पराजिगत गर्यो। हेम्जा युनाईटेडको जितमा आशिष कार्कीले, सुमित केसी र विकास गुरुङले समान १ गोल गरे। उक्त जितसँगै हेम्जा युनाईटेडले ४ अंक बटुलेको छ।

त्यसैगरी अर्को खेलमा शितलज्योती क्लबले लेकसाईड क्लबको अनुपस्थितिमा वाकओभर मार्फत शितलज्योती क्लब विजयी बनेको छ। उक्त जितसँगै शितलज्योती क्लबको अंक ६ भएको छ। भने लेकसाईडले दुई खेलबाट कुनै पनि अंक जोडेको छैन। अन्तिम खेलमा गार्डेन एफसीले भ्याली स्पोर्टस् क्लबलाई २-१ गोल अन्तरले पराजित गर्यो। गार्डेनको जितमा आकाश थपलिया (वामे) र मनिल गुरुङले समान १ गोल गरे भने भ्यालीको तर्फबाट सविन गुरुङले १ गोल फर्काए। अहिलेसम्म गार्डेनले ३ अंक बटुलेको छ। यता भ्याली स्पोर्टसूले आफ्नो पहिलो खेलमै हार व्यहोरेको छ। एन्फा कास्कीका अनुसार प्रतियोगितामा अब कुल ४१ खेल बाँकी रहेको छ।

# उद्यमशीलता प्रवर्द्धन गर्न सम्झौता

**रासस**
**वालिङ, २३ चैत**

उद्यमशीलता प्रवर्द्धनका लागि वालिङ नगरपालिका र संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी) बीच सम्झौता भएको छ। उद्यमशीलताको विकास र प्रवर्द्धन गर्दै नगरवासीलाई उत्पादनमा जोड्नका लागि ती दुई निकाय बीच सम्झौता भएको हो।

दिगो विकास लक्ष्य हाँसिल गर्न १७ वटा लक्ष्यलाई सन् २०३० सम्ममा संयुक्त राष्ट्र सङ्घले तोकेबमोजिमको उपलब्धि प्राप्त गर्न सो सम्झौता गरिएको नगरप्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो। "यस कार्यक्रबाट गरिबी निवारण, हरित विकास, उद्यमशीलता, नवप्रवर्तनजस्ता कार्यसँगै स्मार्ट सिटीको आधारभूत कार्यमा सहयोग पुग्नेछ," उहाँले भन्नुभयो, "विकासको गतिलाई द्रूत रुपमा अगाडि बढाउँदै तोकिएको समयावधिभित्र उपलब्धि हासिल गर्न महत्वपूर्ण भूमिका निर्वाह गरिने छ।" हरित उद्यमशीलताको अभिवृद्धिसँगै सबैलाई समेट्ने क्षमतावान् तथा दिगो विकासको स्थानीयकरण कार्यक्रमले दिगो विकासका लागि महत्वपूर्ण काम गर्ने अपेक्षा उहाँको थियो। कोभिड-१९ को असर कम भएसँगै नागरिकलाई उतपादनसँग जोड्दै स्वरोजगार बनाउने यस परियोजनाको मुख्य लक्ष्य रहेको छ। नगरपालिकासँगको सहकार्य निकै उपलब्धिमूलक रहेको युएनडिपीका सहायक आवासीय प्रतिनिधि विजय सिंहले बताउनुभयो। उहाँले अझै प्रभावकारीरुपमा यस कार्यलाई अगाडि बढाउनका लागि नगरपालिकासँग सम्झौता गरिएको बताउनुभयो। उद्यमशीलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन केन्द्र (इबिक) स्थापना गरी वालिङले हरित उद्यमशीलताका क्षेत्रमा निकै उदाहरणीय काम गर्न गरेको आवासीय प्रतिनिधि सिंहको भनाइ थियो। यस नगरपालिकाले अगाडि सारेको उद्यमीको सहर बनाउने अभियानमा सहकार्य गर्न पाउँदा निकै उत्साहित भएको उहाँले बताउनुभयो। साझेदारी कार्यक्रमअन्तर्गत युएनडिपीले रु एक करोड १० लाख र नगरपालिकाले तीन करोडको व्यहोर्ने भएका छन्।

## गठबन्धनमा...

सजग हुनुपर्छ।" कार्यक्रममा भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले भूमिहीनहरूलाई भूमिपति बनाउने अभियानको सुरूआत भरतपुरबाट सुरु भएको भन्दै आफूले पाँच वर्ष अगाडि निर्वाचनका बेला गरेको बाचा पूरा गर्ने प्रक्रियाको सुरुआत भएको बताउनुभयो। उहाँले भन्नुभयो "भरतपुर महानगरपालिका भित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासी गरी १० हजार ७७७ जनालाई पुर्जा दिएरै छाड्छौं।" सो अवसरमा भरतपुर महानगरपालिका-२ आँपटारी देवकोटा चोकका भूमिहीन दलितहरूलाई पहिलो चरणमा ४६ परिवारलाई जग्गा धनीपुर्जा वितरण गरिएको हो।

सोही क्षेत्रमा ६९७ जना भूमिहीन छन्। तीमध्ये दलितले पहिलो चरणमा पुर्जा प्राप्त गरेका हुन् एक परिवारले १३० वर्गमिटर नबढाई भोगचलन गर्दै आएको जग्गा दिइएको हो।

## सुरक्षा...

नजिकिँदो चुनावमा अस्वस्थ राजनीतिक प्रतिस्पर्धा नै मुख्य चुनौती रहेको बताए। चीनको सीमाबाट हुने अवैध क्रियाकलाप, नदीजन्य पदार्थको उत्खनन्, प्राकृतिक दोहन, चोरी निकासी पनि अर्को चुनौती रहेकाले त्यसै अनुसार अगाडि बढ्नुपर्ने बताए।

सशस्त्र प्रहरी बल मुक्तिनाथ वाहिनीका वाहिनीपति डिआइजी शम्भु रेग्मीले भौतिक पूर्वाधारको कमीकै कारण धेरै जिल्ला सशस्त्र प्रहरीहरु अरु कार्यालयका पुराना भवनमा बस्नु परेको बताए।

बागलुङको गुल्मका सुरक्षाकर्मी तरकारीको टनेलमा समेत रात विताउन बाध्य रहेको भन्दै यसतर्फ सरकारको ध्यानाकर्षण गराए। नेपाल प्रहरीका गण्डकी प्रदेश प्रमुख डिआइजी दिवेश लोहनीले समायोजन ऐन आएर पनि कार्यान्वयन नभएर बीचको अवस्थामा काम गर्न केही असहज भएको बताए। तै पनि प्रदेश सरकारले नियमित रुपमा सहयोग गर्दै आएको भन्दै उनले चुनाव लक्षित रणनीतिक निर्माणकै क्रममा रहेको बताए।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारीहरु बागलुङका रमेश ढकाल, मुस्ताङ नेत्रप्रसाद शर्मा, पर्वतका नारायणप्रसाद सापकोटा, म्याग्दीका चिरञ्जीवी रानाले जिल्लाको समग्र सुरक्षा अवस्था, स्थानीय तहसँगको समन्वय, प्रदेश सरकारसँगको अपेक्षाका बारेमा प्रस्तुती राखेका थिए।

यस अघि चैत २० मा तनहुँको आँबु खैरेनीमा तनहुँ, गोरखा, कास्की, लमजुङ, मनाङ, स्याङ्जा र नवलपुरको बैठक भएको थियो।


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# जनताको ढाड सेकेको सेक्यै

काङ्ग्रेस नेतृत्वको गठबन्धन सरकारले नेपाली जनतालाई महंगोमा पेट्रोलियम पदार्थ उपलब्ध गराएको छ । चार दिन पेट्रोल पम्पमा लाइन लगाएर फेरि मुल्य बढाएको छासरकार नियन्त्रित नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य अहिलेसम्मकै उच्च बनाएको छ । निगमले मंगलबार राति १२ बजेदेखि लागु हुनेगरी डिजेल, मट्टितेल र पेट्रोलको मूल्य वृद्धि गरेको छ । यससँगै पेट्रोलियमको भाउ अहिलेसम्मकै उच्च भएको छ । पेट्रोलियम पदार्थको मुल्य बढेपछि महंगी बढ्नेछ ।

निगमका अनुसार प्रति लिटर पेट्रोलको मूल्य १६० रुपैयाँ र डिजेल/मट्टितेलको प्रति लिटर १४३ रुपैयाँ पुगेको छ। यसैगरी एलपी ग्यासको मूल्य पनि बढेर प्रति सिलिण्डर १,६०० कायम गरिएको छ । हवाई इन्धन (आन्तरिक) मा ५ रुपैयाँले वृद्धि गरी प्रति लिटर १५६ र हवाई इन्धन (अन्तर ाष्ट्रिय) अमेरिकी डलर ५० ले बृद्धि गरी प्रति कि.लि. अमेरिकी डलर १.५४५ कायम गरिएको छ । एकलौटी रुपमा पेट्रोलियम पदार्थको कारोबार गर्दै आएको निगमले दशौं अर्ब घाटा बेहोरेको जनाएका छ । रसिया र युक्रेन बीच जारी युद्ध समेतका कारणबाट पेट्रोलियम पदार्थहरूको अन्तराष्ट्रिय बजार मूल्य उच्च नै रहि रहेको र इन्डियन आयल कर्पोरेशन (आइओस)लाई इन्धन खरिदबापतको रकम अपुग भएपछि डिजेल, पेट्रोल, मट्टितेलको मूल्यवृद्धि गरेको निगमले जनाएको छ ।

समायोजनले निगमको १ महिनाको घाटा करिब ९ अर्ब २७ करोड रुपैयाँ हुने अनुमान गरिएको छ । नेपाल सरकार मातहतमा रहेको मूल्य स्थिरीकरण कोषको संचालक समितिको मंगलबार बसेको बैठकबाट पेट्रोलियम पदार्थकोआपूर्ति व्यवस्था सहज बनाई राख्न निगमलाई ४ अर्ब २० करोड रुपैयाँ दिने निर्णय गरेको छ । डिजेल, मट्टितेल र एलपी ग्यासमा पनि सरकारले लिने करको दायरा चर्को छ। निगमका अनुसार भन्सार शुल्क , भन्सार सेवा शुल्क , सडक सम्भार , पूर्वाधार विकास, मूल्य स्थिरीकरण कोष, वातावरण र मूल्य अभिवृद्धि कर जोडिन्छ यी सबै करको बोझ उपभोक्तामाथि थोपरिएको छ । कर, ढुवानी र डिलरको कमिसन तथा प्रशासनिक खर्च पनि ग्राहकलाई जोडिएको हुन्छ। अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धि भएसँगै नेपालमा समायोजन गर्नुपर्ने आवाज उठेपनि सरकारले बेवास्था गर्दै आएको छ । सरकार जनताप्रति उत्तरदायी नभएको ज्वलन्त उदाहरण हो ।

उपभोक्ता हित संरक्षण मञ्च नेपलले कर अधिक मात्रामा लिनु जायज नरहेको बताउँदै आएको छ । पेट्रोलियमको मूल्य बढ्नेबित्तिकै त्यसले धेरैमा असर पुर्‍याउँछ । त्यसले ढुवानी हुने सबै चिजको मूल्य बढ्छ। पेट्रोलको कर घटाएर अनाश्वयक ठानिएका वस्तुको कर बढाएर सन्तुलन गर्नुपर्ने देखिन्छ’,। सरकार जनताको ढाड सेकेर चुनाव खर्च उठाउन तल्लीन छाजनतालाई मारबाट बचाउन सकिने उपायको खोजीमा लागेन । उल्टै पेट्रोलियममा कर अत्याधिक मात्रामा लगाउनुलाई सरकारको उपलब्धि ठान्नु गरेको छ । प्रगतिशील कर प्रणाली लगाउन भन्दा दलाल र विचौलीयालाई पोस्ने काममा लागेको छ। जसले गर्दा मूल्य निर्धारण उपभोक्तामैत्री हुन सकेन।पेट्रोलको अधिक कर नाजायज र अनैतिक हो । अरूको कर बढाएर यसमा छुट दिएमा मात्र सरकारले आफ्नो कर्तव्यबोध गरेको देखिनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सत्कार मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : झमेला बढ्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मन चञ्चल |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# माझठाना पोखरा सम्पर्क समाजको भित्तेपात्रो लोकार्पण

मिना भुजेल
पोखरा, २३ चैत

माझठाना पोखरा सम्पर्क समाजद्धारा प्रकाशित नयाँ बर्ष २०७९ को शुभकामना आदान प्रदान तथा भित्तेपात्रो लोकार्पण गरिएको छ ।

समाजका संरक्षक एवम् जेष्ठनागरिक गंगादेवी लामिछानेले पोखरामा आयोजित एक समारोहका बीच भित्तेपात्रो लोकार्पण गर्दै नयाँ बर्षले सवैमा सुख, शान्ति,समृद्धि, सुस्वास्थ्य र दिर्घायुको कामना गर्नुभयो ।

उर्बर भूमि माझठानको टारी, वेगनासताल लगायत सो क्षेत्रमा भए गरेका विकास निर्माण, महत्वपूर्ण प्राकृतिक सम्पदा तथा धार्मिक क्षेत्रलाई प्रकाशित भित्तेपात्रोमा समेटिएको समाजका



अध्यक्ष दयाराम तिवारीले जानकारी दिनुभयो । प्रकाशित भित्तेपात्रोमा सौर्यस्थित मनकामना मन्दिर,किरातेश्वर महादेव बसाहढुङ्ग , स्याङखुदीस्थित शिव मन्दिर, पात्ले देउराली शिव मन्दिरका तस्विर समावेश गरि नुका साथै संस्थाले एक बर्षको अवधिमा गरेका गतिविधि समेत समेटियको उहाँको भनाई छ ।

लोकार्पण कार्यक्रममा समाजका संस्थापक अध्यक्ष श्रीकृष्ण लामिछाने र निवर्तमान अध्यक्ष दुर्गादत्त भुर्तेल, समितिका उपाध्यक्षव्दय सारदा लामिछाने र भोलानाथ ओझा, सचिव रामकृष्ण तिवारी लगायतले समाजले सवैलाई समेट्दै माझठानाको विकास निर्माणमा जोड दिनुपर्ने बताउनुभयो ।

# विद्यालयमा पालैपालो खाजा बनाउँदै अभिभावक

पोखरापत्र संवाददाता
बागलुङ, २३ चैत

काठेखोला गाउँपालिका-७ रेशकी आशा गुरुङको दुई महिनापछि विद्यालयमा खाजा बनाउने पालो आयो ।

विद्यालयले खबर गरेपछि उहाँ सबै काम छाडेर विद्यालयमा खाजा बनाउन पुग्नुभयो । विद्यालयको चेमनागृहमा दिनभर लगाएर खाजा बनाएपछि गुरुङको काम बालबालिकालाई खाजाको भाग लगाइदिने हो । प्राथमिक तहका सबै विद्यार्थीले खाजा खाइसकेपछि मात्र उहाँ घर फर्किनुभयो ।

रेश नुन्थला माध्यमिक विद्यालयमा गुरुङका दुई छोराछोरी अध्ययनरत छन् । गुरुङमात्रै होइन, उक्त विद्यालयमा प्राथमिक तहमा अध्ययन गर्ने सबै विद्यार्थीका अभिभावकको पालो हरेक दुई महिनामा आउँछ । सरकारले उपलब्ध गराएको निःशुल्क खाजा कार्यक्रमअन्तर्गत रेश नुन्थला माविले अभिभावकले नै खाजा बनाएर खुवाउने कार्यक्रम बनाएको हो । विद्यालयले अभिभावककै सल्लाहमा बनाएको सो नियमले अहिले सबैलाई सजिलो भएको छ। “खाजा खर्च दिएर पठाउनुभन्दा यहीँ खाजा बनाएर खुवाउँदा केटाकेटी खुसी छन्, ताजा पनि हुन्छ”, गुरुङले भन्नुभयो, “दुई महिनामा एकपटक विद्यालय आउँदा यहाँको वातावरणबारे हामीलाई जानकारी हुन्छ, सरहरूलाई सल्लाह दिन पाइन्छ ।” सामुदायिक विद्यालयप्रति अभिभावकको चासो बढाउनकै लागि अनिवार्य खाजा बनाउने कार्यक्रम तयार गरिएको प्रधानाध्यापक ओमबहादुर थापाले बताउनुभयो । “उहाँहरु यहाँ आउँदा सरसल्लाह हुन्छ, आफ्ना बालबालिकाको पढाइ र विद्यालयबारे समेत थाहा पाउनुहुन्छ”, थापाले भन्नुभयो, “धेरै विद्यार्थी छन्, दुई महिनामा खाजा बनाउन पालो आउँछ ।” सरकारले विद्यार्थीको खाजावापत दिने रकमबाट विद्यालयले सामग्री खरिद गर्छ । विद्यालयकै चमेनागृहमा खाजा बनाउनका लागि सबै सामग्री तयार पारिएको हुन्छ । कोदोको पिठो, सुजी, चना, अण्डा, रोटीलगायत खाजा बनाएर अभिभावकले विद्यार्थीलाई खुवाउँछन् । अभिभावकको पालो भने विद्यालयले तोक्छ ।

प्राथमिक तहमा ७० विद्यार्थी अध्ययनरत छन् । “विद्यालयका सूचना पुर्‍याउन होस् वा यहाँका शिक्षक कर्मचारीलाई जिम्मेवार बनाउन होस्, दिनदिनै अभिभावक उपस्थित हुँदा धेरै सहज हुन्छ”, थापा भन्नुहुन्छ, “सामुदायिक विद्यालयको पढाइ र शिक्षक कर्मचारीको विषयमा अनावश्यक हुने टिकाटिप्पणीसमेत कम हुन्छन् ।” अभिभावकनै विद्यालयमा पुगेर खाजा खुवाउँदा विद्यार्थीले घरको वातावरण महसुस गर्ने गरेका उहाँले बताउनुभयो ।

# गुरुङ संस्कार जोगाउन चलचित्र निर्माण

रासस
लमजुङ, २३ चैत

लामो समयदेखि हङकङमा बसोबास गर्दै आउनुभएका लमजुङका गणेश गुरुङ (सुवास) गुरुङ संस्कार र संस्कृति जोगाउन चलचित्र निर्माणमा क्रियाशील हुनुहुन्छ छ । आफ्ना परम्परागत भाषा, संस्कार र संस्कृति लोप हुन थालेपछि यसको संरक्षण गर्न उहाँ दुई दशकदेखि निर्माता, निर्देशक, कथा लेखन र अभिनयसमेत गर्दै चलचित्र निर्माणमा क्रियाशील रहँदै आउनुभएको हो ।

लमजुङमा दोर्दी गाउँपालिका-१ भारते ढिन गाउँमा विसं २०३४ भदौ ७ गते पिता स्व सिंहबहादुर गुरुङ र माता स्व पदमकुमारी गुरुङको कोखबाट जन्मनु भएका गणेशले ०५८ सालमा गुरुङले सिनेमा ‘काँशी’ (कान्छी)मा पहिलोपटक कलाकार तथा सहनिर्देशकको भूमिका निर्वाह गर्नुभएको थियो । सूर्योदय उच्च माविबाट विसं २०५० मा एसएलसी पास गरेपछि उहाँले भरतपुरस्थित वीरेन्द्र बहुमुखी क्याम्पसबाट आइएसम्म अध्ययन गर्नुभयो । विसं २०५४/५५ देखि नेपाल टेलिभिजनमा हिजो आजका कुरा र कान्तिपुर टेलिभिजनमा करुणा टेलिसिरियलमा आबद्ध हुँदै गर्दा विसं २०५७ मा राष्ट्रिय नाचघरबाट अभिनय तथा नाटक निर्देशनको प्रशिक्षण लिएर चलचित्र निर्माणमा पनि हात बढाउनुभएको थियो ।

आइएफएबाट निर्देशन तालिम तथा स्क्रिप्ट राइटिङको कोर्ससमेत पूरा गर्दै विसं २०६० मा गुरुङले चलचित्र ‘ठूलो मान्छे’ (म्हिथेवा) निर्माण गर्नुभयो । चलचित्र निर्माणसँगै कथावस्तु लेखन तथा निर्देशनतर्फ समेत अघि बढ्नुभएका उहाँले विसं २०६१ मा चलचित्र ‘ङै नासा’ (मेरो गाउँ) को लेखन तथा निर्देशन गर्नुभयो । त्यस्तै विसं २०६२ मा ‘भुलिगए पाप लाग्ला’, विसं २०६३ मा ‘ङै जिन्दगी’ (मेरो जिन्दगी), सोही वर्ष ‘ङै क्या’ (मेरो बाटो), विसं २०६५ मा ‘म्होरा’ (सपना), विसं २०६६ मा ‘आस्यो’ (मावली) लगायत चलचित्र लेखन तथा निर्देशन गर्नुभयो ।

त्यस्तै उहाँले २०६८ मा ‘कर्मरेखा’ चलचित्र निर्माण गर्नुभएको थियो भने विसं २०७३ मा चलचित्र ‘भैंडीगोठाले’ को लेखन तथा निर्देशन गर्नुभयो । उक्त चलचित्रले विसं २०७४ मा चलचित्र विकास बोर्डबाट ‘बेस्ट अवार्ड’ पाएको थियो । विसं २०७४ मा निर्माता तथा निर्देशक गणेशले चलचित्र ‘खै ओ म्हिथेवा’ (फर्कि आयो ठूलो मान्छे) को निर्देशन तथा कथावस्तु तयार गर्नुभयो । सोही वर्ष ‘कुटुम्बरी साइनो’ पनि उहाँले निर्माण गर्नुभयो । विसं २०७६ मा ‘ मारक्यु’ अर्थात् सुनपानीको कथा लेखन गर्नुभयो । निर्माता तथा निर्देशक गुरुङले भन्नुभयो, “जातीय, भाषिक र सांस्कृतिक गतिविधि ओझेलमा पर्न गइरहेको अवस्थामा हाम्रो मौलिकतालाई जगेर्ना गर्ने लक्ष्यका साथ गुरुङ संस्कृतिमा आधारित चलचित्र बनाइरहेको छु । नयाँ पुस्ताले भाषा, संस्कार, संस्कृति बिर्संदै गएकाले त्यसलाई उजागर गर्न चलचित्रमार्फत अघि बढिरहेको र आगामी दिनमा समेत निर्माण गर्ने उहाँको भनाइ थियो ।

चलचित्र क्षेत्रमा मात्र नभई नेपाली म्युजिक भिडियोमा समेत निर्देशन गर्नुभएका गुरुङले हालसम्म १२ वटा म्युजिक भिडियोको निर्देशन गरिसकेको बताउनुभयो । उहाँले केही समयअघि अभिनय गरेको ‘कौडा’ गीतका साथै तारा श्रीष मगर, रामकुमार गुरुङ लगायतको स्वर रहेको ‘रोधी घरको आगनी-३’ बजारमा आइसकेको छ । कलाकार गुरुङले हालसम्म आधा दर्जनभन्दा बढी विभिन्न अवार्डसमेत जित्नुभएको छ । विसं २०७२ मा ‘गुरुङ फिल्म अवार्ड’ (उत्कृष्ट अभिनय तथा उत्कृष्ट फिल्म अवार्ड), विसं २०७३ मा चलचित्र विकास बोर्डले प्रदान गरेको ‘उत्कृष्ट जनजाति राष्ट्रिय फिल्म अवार्ड’ (म्हिथेवाबाट), सन् २०१८ मा भैंडीगोठाले चलचित्रबाट ‘उत्कृष्ट निर्देशन अवार्ड’ (निफबाट), ‘न्युयोर्क ओनरेवल मोसन अवार्ड’-२०१९, जर्मनीको बर्लिनमा फल्यास चलचित्र महोत्सवबाट अवार्ड र कतारमा भैंडीगोठाले चलचित्रबाटै उत्कृष्ट ‘जनजाति फिल्म स्टार इन्टरनेशनल अवार्ड’ २०१९ लगायत दर्जनौं अवार्ड जितिसक्नु भएको छ ।


## अर्जेन्ट चाहियो

**अफिसको लागि**
साधारण लेखपढः ३ जना
SLC, + 2 above : ५ जना
तलबः आर्कषण
सम्पर्कः
९८१५१५७८०२
९८४६६४७६२७


# चौरमा बसेर पढ्नुपर्ने बाध्यता हट्यो

पोखरापत्र संवाददाता
म्याग्दी, २३ चैत

म्याग्दीको धवलागिरि गाउँपालिका-७ धारापानीमा चन्द्रकुन्ता किसानी माविको कक्षाकोठा भवन निर्माण भएपछि चौरमा बसेर पढ्नुपर्ने बाध्यता हटेको छ ।

गुड नेवर्स इन्टरनेशनलको होप परियोजनाको रु ७१ लाख ७१ हजार र समुदायको रु दुई लाखको लागतमा चारकोठे दुईतले भवन निर्माण गरिएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष किरन थापाले भवन निर्माणपछि विद्यार्थीलाई पर्खाल चर्किएर जीर्ण बनेको भवन र चौरमा राखेर पढाउनुपर्ने बाध्यता हटेको बताउनुभयो । भूकम्पप्रतिरोधी क्षमताको भवन अपाङ्गतामैत्री छ। विसं २०७७ असारमा भूमिगत पहिराका कारण धारापानीको ढाडटोलमा रहेको विद्यालयको २० कोठे भवन, ६ वटा शौचालयमा क्षति पुगेको थियो । ढाँडटोलका ७५ परिवार भूमिगत पहिराको जोखिममा छन् । धारापानीको किमबोटमा विद्यालय भवन निर्माणका लागि चक्रबहादुर थापा, उहाँका भाइ क्याप्टेन पूर्ण थापा, बहिनी सुवा र मना खत्रीले बुवा चन्द्रबहादुर र आमा कुन्तादेवी थापाको नाममा ६ रोपनीभन्दा बढी जग्गा उपलब्ध गराउनुभएको थियो । यसैगरी लालबहादुर थापा, कुलबहादुर थापा र अर्जुन थापाले पनि जग्गा उपलब्ध गराउनुभएको थियो । मूल सडकबाट जग्गामा पुग्ने ठाउँसम्म सहायक सडक पुर्‍याउन स्थानीय सूर्यबहादुर थापा, बेदबहादुर थापा, झकबहादुर पुर्जा, शेरबहादुर थापा, खिमदल थापा, मनबहादुर थापा, चन्द्रबहादुर थापा र महादेव थापाले जग्गा उपलब्ध गराउनुभएको छ । जग्गादाताको सम्मान गर्दै विद्यालयको नाम किसानी चन्द्रकुन्ता मावि राखिएको छ । प्रधानाध्यापक ध्रुवबहादुर भण्डारीका अनुसार विद्यालयमा २२८ विद्यार्थी अध्ययनरत छन् ।

यसअघि राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको सहयोगमा चारकोठे भवन निर्माण गरिएको थियो । भवन परिसरमा गुड नेवर्स इन्टरनेशलको रु नौ लाख ५९ हजार, धवलागिरि गाउँपालिकाको रु चार लाख ४५ हजार र समुदायको रु एक लाख ९६ हजारको लागतमा शौचालय निर्माण गरिँदै छ । गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सन् २०१६ देखि धवलागिरि र २०२१ देखि मालिका गाउँपालिकामा सङ्गम म्याग्दी र कदम म्याग्दीमार्फत एकीकृत सामुदायिक विकास परियोजना सञ्चालनमा छ ।

# चालु आवमा व्यासका ६७९ योजना सम्पन्न

पोखरापत्र संवाददाता
तनहुँ, २३ चैत

व्यास नगरपालिका कार्यालयले ६७९ योजना सम्पन्न भएको जनाएको छ । नगरपालिकाले चालु आर्थिक वर्षमा तय गरेका कूल एक हजार २६१ मध्ये उक्त योजना सम्पन्न गरेको हो ।

गत साउनदेखि हालसम्म ४८४ योजना सम्झौता गरिएको छ भने चालु सात योजना सूचना प्रकाशन र ९१ सम्झौता हुन बाँकी रहेको सूचना प्रविधि अधिकृत विशाल पण्डितले जानकारी दिनुभयो । पूर्वाधार विकास शाखाबाट प्राप्त प्रतिवेदन र सभाबाट स्वीकृत बजेट कार्यक्रमअनुसार २०७८ चैत २१ गतेसम्म ४८ प्रतिशत खर्च भएको र सङ्घीय सरकारबाट विनियोजित बजेट ८४ प्रतिशत, प्रदेश सरकारबाट विनियोजित ४५ प्रतिशत, राजश्व बाँडफाँट ४८ प्रतिशत, आन्तरिक स्रोत बाट ४६ प्रतिशत आम्दानी प्राप्त भएको उहाँले बताउनुभयो । यही चैत ३० गते नगरपालिकाको ३०औँ स्थापना दिवस मनाउने तयारीको समीक्षा गरिएको छ ।

नगरपालिकाका पूर्व/निवर्तमान जनप्रतिनिधि, सामाजिक क्षेत्रका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, सङ्घ, प्रदेश, जिल्ला समन्वय समिति, टोल विकास संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्ने निर्णय गरिएको छ ।

आगामी वैशाख १ गतेदेखि रु एक लाखभन्दा बढीको भुक्तानी इएफटी इलेक्टोनिक्स फन्डबाट ट्रान्सफरमार्फत गर्ने व्यवस्था मिलाउन आर्थिक प्रशासन शाखालाई जिम्मा दिने निर्णय गरिएको छ । सांस्कृतिक, साहित्यिक, ऐतिहासिक स्मारक संरक्षणका लागि व्यास नगर प्राज्ञिक सभा गठन गर्ने निर्णयसमेत गरिएको छ । त्यसैगरी दक्षिण कोरियाको साँग्जु नगरपालिकासँग व्यास नगरपालिकाको भगिनी सम्बन्ध विस्तार गर्ने निर्णय गरिएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २३ बाम्दी ओखलढुङ्गा घडेरी सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः बाम्दी ओखलढुङ्गा घडेरी सडक निर्माण कार्य
स्थानः पोखरा–२३ कास्की
योजना सम्झौता मिति : २०७८/१०/२४ गते
योजना सुरु गर्ने मितिः २०७८/१०/२४ गते
योजना सम्पन्न मिति : २०७९/०२/२५ गते
योजना सम्पन्न भएको मितिः २०७८/१२/२१ गते
योजनाको कुल लागत : रु. ५६१७९७
वडाबाट विनियोजित रकम : रु.५,००,०००।–
जनश्रम उपभोक्ताबाट : रु. ६१७९७/
उपभोक्ता समिति अध्यक्षः शिवलाल पराजुली
उपभोक्त समतिः ११ जना, पुरुष ७ र महिलाः ४ जना

बाम्दी ओखलढुङ्गा घडेरी सडक निर्माण उपभोक्ता समिति
पोखरा–२३ कास्की

# 'शिरीषको फूल' पोखरामा मञ्चन हुँदै, तयारी पुरा

निर्मला नेपाली
पोखरा, २३ चैत

नाटक 'शिरीषको फूल' मञ्चन तयारी पुरा भएको छ । नाटक चैत्र २४ गते बिहिबारबाट पोखरा थिएटरको गन्धर्व नाटकघरमा मञ्चन हुँदैछ। २

७ गतेसम्म मञ्चन हुने यस नाटकको निर्देशन अञ्जान प्रदीपले गर्नु हुनेछ। थिएटर मल र पोखरा थिएटरको सहकार्यमा नाटक मञ्चन हुन लागेको हो । नाटक हरेक दिन साँझ ५ मञ्चन गरिनेछ। यसका अलावा शनिबार दिउँसो १ बजे समेत नाटक मञ्चन हुनेछ। केदार श्रेष्ठको परिकल्पना रहेको नाटकमा समृद्धि नेपाल, संजय विश्वकर्मा, हाङ ओ हाङ राई, सविना गोपाली, मञ्जु महर्जन, अञ्जु रिजाल, अस्मिना भारती, रेजी बस्नेत र जेनी सुनुवारको अभिनय हेर्न पाइनेछ। नाट्य आलेख चौथो आयामले तयार पार्नु भएको हो। यो नाटक सुप्रशिद्ध साहित्यकार पारिजातको मदन पुरस्कार विजेता उपन्यास शिरीषको फूल (वि.स.२०२२)मा आधारित छ । थिएटर मलका



संस्थापक तथा कला निर्देशक रहनुभएका परिकल्पनाकार केदार श्रेष्ठ शिरीषको फूलको देशयात्रा सुन्दर नगरी पोखराबाट सुरु हुन लागेकोमा उत्साहित भएको बताउनुहुन्छ। पोखरामा व्यक्तिगत रुपमा मेरो तेस्रो नाटक हो । धेरै समयदेखि नाट्य गतिविधिनभइरहेको बेला २०७३ मा नाटक मान भर्सेस मती लिएर पोखरा आइपुगेको थिए। त्यसपछि निर्देशकहरुको कार्यशालाबाट तयार नाटक खबर हराएका चिठ्ठी मार्फत यहीं पोखरा थिएटरको मञ्चमा सक्षात्कार गर्ने मौका पाएको थिए । फेरि शिरीषको फूलको देशयात्रा सुन्दर नगरी पोखराबाट सुरु भएको छ । उहाँले भन्नुभयो । पोखरा थिएटर संस्थापक तथा क्रियटिभ डाइरेक्टर परिवर्तनले थिएटर मलसँग संस्थागत सहकार्यमा नाटक मञ्चन गर्न पाउदा खुशी लागेको सुनाउनुभयो । पोखरा थिएटरले स्थापनाकालदेखि नै विभिन्न रंग समूह सगँको सहकार्यलाई महत्व दिदै आएको छ। थिएटर मलसँग संस्थागत रुपमा यो पहिलो सहकार्य भएपनि विभिन्न रुपमा विगतका बर्षदेखि नै सहकार्य हुदै आइरहेको छ । उहाँले भन्नुभयो । नाटक मञ्चनको लागि पोखरा आएको थिएटर मलको टिमले पोखराका नाट्यप्रेमी दर्शकको साथ पाउने अपेक्षा गरेको छ।

# म्याग्दीका पर्यटकीय क्षेत्र र धार्मिकस्थलमा खचाखच पर्यटक

– ध्रुबसागर शर्मा
म्याग्दी, २३ चैत

विगत दुई वर्षदेखि कोरोना महामारीका कारण सुस्ताएको पर्यटन र होटल व्यवसाय पुरानै लयमा फर्किन सुरु गरेको छ। वसन्त ऋतुको सुरुआतसँगै म्याग्दीका पर्यटकीय क्षेत्र आन्तरिक पर्यटकले खचाखच भरिन थालेका छन् भने मन्दिर, देवालय र शक्तिपीठमा भक्तजनको घुइँचो लाग्न थालेको छ।

दुई वर्षसम्म पर्यटक र तीर्थयात्रीविहीन बनेका यहाँका पर्यटकीय तथा धार्मिकस्थलमा फागुन दोस्रो सातायता दुई वर्षयताकै धेरै पर्यटक आएका पर्यटन व्यवसायीहरुले बताएका छन् । स्थलमार्गबाट मुस्ताङ जाने पर्यटकका लागि बेनी प्रवेशद्वारसमेत भएको हुनाले मुस्ताङ जाने र बागलुङ कालिका तथा पञ्चकोटमा आएका पर्यटक पनि म्याग्दीका पर्यटकीयस्थल हेर्न आउने क्रम बढेकाले म्याग्दीका आन्तरिक पर्यटक तथा धार्मिक पर्यटकको भीड बढेको हो।

मुक्तिनाथ भ्रमण ढोरपाटन भ्रमण र बागलुङ कालिका मन्दिरको दर्शनका लागि आएका भक्तजन एक दिनको बसाइ लम्ब्याएर बेनीसम्म आई यहाँका पर्यटकीय र धार्मिकस्थलमा रमाउन थालेपछि विगतका वर्षभन्दा यस वर्षको फागुन र चैतमा आन्तरिक पर्यटकको सङ्ख्या उल्लेख्य देखिएको हो।

नवलपुरको गैडाकोट-१२ हर्कपुरबाट पाँच दिनको भ्रमण समय छुट्याएर मुक्तिनाथ पुगेपछि म्याग्दीको तातोपानी, गलेश्वर धाम र बेनी बजार भ्रमण तथा दर्शनका लागि एक दिन छुट्याएर म्याग्दीमा बसेको मनोहर सुवेदीले बताउनुभयो । हर्कपुरबाट २१ जनाको टोलीसहित मुक्तिनाथ, म्याग्दी र बागलुङ भ्रमणमा आउनुभएकी लक्ष्मी पौडेल र चितवन भरपुरको क्षेत्रपुरबाट १८ जनाको टोलीसहित गलेश्वर दर्शनका लागि आउनुभएकी बिमला बरालले होटलमा बस्ने बाससमेत पाउन मुस्किल भएको बताउनुभयो । उहाँले सामाजिक सञ्जालमा देखेको मुक्तिनाथ र गलेश्वरको मन्दिर, रुप्से झरना, तातोपानी कुण्ड, बागलुङ भगवती मन्दिर, लामो पुल, पञ्चकोटलगायत स्थानले आफूलाई यस क्षेत्रको भ्रमणमा आउन प्रेरित गरेको बरालले बताउनुभयो । भरतुपर महानगरपालिका-२ क्षेत्रपुर चितवनको मितेरी आमा समूह, चितवनकै बीस हजारी सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड र धादिङ जिल्लाको श्री विशाल आमा बचत तथा ऋण सहकारी संस्था लगायतका संस्था बस लिएरै म्याग्दी, बागलुङ र मुस्ताङको भ्रमणमा आएका छन् । यस्ता सामाजिक तथा सङ्घसंस्था दैनिक सयौँको सङ्ख्यामा म्याग्दीमा आउन थालेका छन्। अहिले गलेश्वर, तातोपानी र हरियाली कृषि परियोजना परिसरमा पर्यटक बोकेका सवार ीसाधनको चाप थेगिनसक्नु छ।

त्यसैगरी बागलुङको ऐतिहासिक चैत्राष्टमी मेलाको पूर्वसन्ध्यामा गण्डकी प्रदेशको उत्कृष्ट धार्मिक गन्तव्य बागलुङ कालिका, पञ्चकोट, शालग्राम सङ्ग्रहालय र लामो झोलुङ्गे पुलमा आएका पर्यटक बेनी र बेनी नजिकका धार्मिक पर्यटकीयस्थलमा आएपछि यहाँका पर्यटकीय क्षेत्रमा पर्यटकको चाप बढेको होटल यतिकी सञ्चालिका बिमला गौचनले बताउनुभयो। चैते दसैं सुरु भएको र मुस्ताङको मुक्तिनाथ जाने भारतीय पर्यटकसमेत मुक्तिनाथपछिको दोस्रो गन्तव्य बेनीलाई मानेर यहाँ आउने गरेकाले रौनक बढेको उहाँले बताउनुभयो । चैत दोस्रो सातादेखि म्याग्दीका अधिकांश ठूला होटल भरिभराउ भएको होटल व्यवसायी सङ्घ म्याग्दीका अध्यक्ष बाबुराम आचार्यले जानकारी दिनुभयो । पहिला नेपाली र भारतीय पर्यटकको रोजाइ बनेको मुक्तिनाथ मन्दिर सोझै गएर फर्कने चलन थियो, तर पछिल्ला वर्षमा मुक्तिनाथ पुगेका पर्यटक बेनी, बागलुङ कालिका र पञ्चकोटमा समेत पुग्ने गरेकाले यस क्षेत्रको पर्यटकीय विकासमा थप सहयोग पुगेको पर्यटन व्यवसायीहरुले बताएका छन्।

# प्रथम राष्ट्रिय नाइट ए साईड भेट्रान्स प्रतियोगिता गर्न विभिन्न उपसमिति गठन

पोखरापत्र संवाददाता
पोखरा, २३ चैत

वैशाख पहिलो साता पोखरामा हुने प्रथम राष्ट्रिय नाइन ए साईड भेट्रान्स फुटबल प्रतियोगिता सम्पन्न गर्न विभिन्न उपसमिति गठन भएको छ।

गण्डकी प्रदेशको युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा आउँदो वैशाख २ देखि ६ गतेसम्म पोखरा रंगशालामा संचालन हुने उक्त प्रतियोगितालाई सफल पार्न विभिन्न उपसमितिहरु गठन भएको हो। गण्डकी खेलकुद परिषद सदस्य दील बहादुर गुरुङको संयोजकत्वमा विभिन्न उपसमितिहरु गठन भएको परिषदका सदस्य सचिव तेज बहादुर गुरुङले बताउनु भएको हो। विभिन्न उपसमितिहरु मध्य मञ्च तथा मैदान व्यबस्थापनमा योगेन्द्र शेरचन, योगेन्द्र गुरुङ, मिलन गुरुङ रहेका छन भने सचिबालय व्यबस्थापनमा कृष्ण तिमिल्सना, याम बहादुर गुरुङ र डि.बी.नेपाली रहेका छन्। क्लव सम्पर्क तथा निर्णायक व्यबस्थापमा इश्वर(चन्द्र) गुरुङ, ट्रफि मेडल प्रमाणपत्रमा रमेश श्रेष्ठ, प्राविधिक तथा अनुसासन समितिमा आनन्द रन्जित, सन्तोस (धन) गुरुङ रहेकाछन भने प्रचार प्रसारमा दीननाथ बराल, विशाल बराल र धन बस्नेत रहेका छन् । स्वास्थ्य प्राविधिकमा माया थापा, मुना थापा, अतिथि सत्कार खाजा खाना व्यबस्थापनमा माया गुरुङ, आर्थिक व्यबस्थापन तथा प्रशासनिकमा तोपलाल भुषाल, निलकण्ठ ढकाल रहनु भएको छ। मन्त्रालयले सबैको लागि खेलकुद भन्ने ओलम्पिक चार्टरको मुल नारालाई आत्मसाथ गरी ४० देखि ६० बर्ष उमेर समुहकालाई खेलकुदमा जोड्ने प्रयास स्वरुप उक्त प्रतियोगिता हुने भएको मन्त्रालयले जनाएको छ । एक टिममा भने ४० बर्ष माथिका ७ र ५० बर्ष माथिका २ गरी १४ खेलाडी हुने संयोजक गुरुङले जनाउनु भयो।

प्रतियोगिताका विजेतालाई नगद ३ लाख उपविजेतालाई एक लाख ५० हजार र सेमिफाइनलमा प्रबेश गर्ने टिमलाई जनही ३० हजार दिने भएको संयोजक गुरुङले बताउनु भयो।

# मुक्तिनाथमा बढ्यो चहलपहल

– वासुदेव पौडेल/नीरज थकाली
गण्डकी, २३ चैत (रासस)

कोरोना कहरका कारण लामो समयदेखि सुस्ताएको हिमाल पारीको जिल्ला मुक्तिनाथमा दर्शनार्थीको चहलपहल ह्वात्तै बढेको छ।

कोरोनाका कारण दुई वर्षयता घरमा नै थुनिएर बस्न बाध्य सर्वसाधारण कोरोनाको कहर घट्दै गएसँगै घुम्न एवम् दर्शन गर्न निस्कने क्रमसँगै झण्डै दुई सातायता मुक्तिनाथ पुग्नेको सङ्ख्या बढेको हो । विशेषतः प्रत्येक वर्षको सोह्र श्राद्धका समयका साथै चैत कृष्ण पक्षको औंसीका दिन पारेर देशका विभिन्न स्थानका साथै भारतबाट समेत दर्शनार्थी आउने गरेको मुक्तिनाथ मन्दिरका पुजारी कृष्णप्रसाद सुवेदीले बताउनुभयो । यस समयमा कागबेनीमा श्राद्ध गरी मुक्तिनाथको दर्शन गरेमा पितृ मोक्ष हुने र भावी सन्ततिलाई सुख, समृद्धि हासिल हुने विश्वास रहेको उहाँले जानकारी दिनुभयो। यस पटक चैत कृष्ण पक्षको औंशीमा २० हजारभन्दा बढीको सङ्ख्यामा दर्शनार्थी मुक्तिनाथ पुगेको पुजारी सुवेदीको भनाइ छ । प्रकृति र संस्कृतिको अनुपम गन्तव्यका रुपमा स्थापित मुक्तिनाथमा पछिल्लो दशकयता चिसोको समयसमेतमा दर्शन र अवलोकनका लागि आन्तरिक पर्यटक पुग्ने गरेको अवस्थामा झण्डै दुई वर्षसम्म कोरोना कहरका कारण यो ठाउँ सुनसान बनेको थियो । कोरोना कहरकाबीचमा सङ्क्रमणको जोखिमीलाई दृष्टिगत गरी पूजाआजामा समेत रोक लगाइएको थियो। पछिल्ला दिनमा पर्यटकको बढ्दो चापले यहाँका पर्यटन व्यवसायी उत्साहित बनेका छन्। लामो समयसम्म सुनसान बनेको मुस्ताङको पर्यटनमा बढ्दो पर्यटक आगमनले आशा जगाएको ग्रिन तारा होटलका सञ्चालक सुकमन थकालीले बताउनुभयो। केही दिन यता दैनिक ठूलो सङ्ख्यामा पर्यटक मुस्ताङ भित्रने गरेका छन् । पछिल्ला दिनमा पर्यटकीय नगरी पोखराबाट दैनिक ५० भन्दा बढीको सङ्ख्यामा स्कर्पीयो जिपका साथै रिजर्भ बस मुक्तिनाथ जाने गरेको यात्री बस प्रालिका अध्यक्ष सोमबहादुर थापाले जानकारी दिनुभयो। कतिपयले आफ्नै निजी सवारी साधन प्रयोग गरेर मुक्तिनाथ पुग्ने गरेको उहाँले बताउनुभयो । पोखराबाट नेपाल, समिट र तारा एयरलायन्सले दैनिक तीनदेखि पाँचसम्म उडान गर्ने गरेका छन् । मुक्तिनाथमा दर्शनार्थीको चाप बढेसँगै केही वर्षयता पर्यटक लक्षित पूर्वाधारका साथै सुविधा सम्पन्न होटल बन्ने क्रमले पनि गति लिएको यहाँका व्यवसायी बताउँछन् । चार दशक अघिसम्म मुक्तिनाथको दर्शन गर्न जाने तीर्थालु आसपासका भेटी, गोठ तथा रानीपौवास्थित धर्मशालामा बस्थे भन्ने विषय पछिल्ला पुस्ताका लागि भने एकादेशको कथा जस्तै बनेको छ । तत्कालीन समयमा ठाउँठाउँबाट पुगेका तीर्थयात्रीले रानीपौवा खचाखच भरिन्थ्यो भने अधिकांशले खाने कुराका साथै ओढ्ने ओच्छ्याउने सामग्री आफैँ लिएर जाने गर्दथे । तत्कालीन समयमा तीर्थयात्राका क्रममा यस्तै पौवा र ठाँटी, भैँडीगोठ आदिमा बस्नु बाध्यता थियो । पछिल्ला वर्षमा भने मुक्तिनाथ मन्दिर आउने दर्शनार्थीका लागि सामान्यदेखि सुविधा सम्पन्न होटल उपलब्ध छन् । यहाँस्थित रानीपौवाले आफ्नै महत्व एवम् ऐतिहासिकता बोकेको छ । तत्कालीन समयमा रणबहादुर शाहकी रानी सुवर्णप्रभा विसं १८६३ मा मुक्तिनाथ दर्शनका लागि पुग्नुभएको थियो । रानी सुवर्णप्रभाले मुक्तिनाथ मन्दिर प्रवेशको मुख्यद्वार यही रानीपौवामा धर्मशाला निर्माण गर्नुभएको थियो। स्थानीयवासीका अनुसार तत्कालीन समयमा कुष्मा अर्मादीबाट काठ ल्याएर धर्मशाला निर्माण गरिएको थियो। त्यसै समयदेखि रानीले बनाइदिएको धर्मशाला भएकाले यसलाई रानीपौवा भनिएको हो । उक्त धर्मशालाले तत्कालीन समयदेखि नै मुक्तिनाथमा आउने तीर्थयात्रीलाई खान तथा बास बस्न सहज भएको थियो । रानीपौवामा धर्मशाला निर्माणसँगै फूल, प्रसाद एवम् आवश्यक अन्य समान बेच्ने क्रमबाट यो ठाउँले बिस्तारै व्यावसायिक रुप लिँदै गएकामा यो अहिले रानीपौवा बजारका रुपमा चर्चित छ । तत्कालीन समयमा रानीपौवामा बसोबास नभएका कारण त्यहाँबाट केही तल पुराङ गाउँमा सर्वसाधारण बस्थे । रानीपौवा र आसपासका गोठ तथा पुराङ बस्ती रहेकामा धर्मशालामा दर्शनार्थी बस्न थालेपछि पुराङवासी बिस्तारै रानीपौवातिरै उक्ले। धमाधम बन्दै गरेका सुविधा सम्पन्न होटलसँगै रानीपौवा क्षेत्रकै संरचनामा ठूलो परिवर्तन आएको पाइएको यस अघि २०६५ सालमा सोही धर्मशालामा तीर्थयात्राका क्रममा बस्नुभएका पोखरा महानगरपालिका-३२ गगनगौडाका पुष्पराज शर्मा पौडेलले जानकारी दिनुभयो।

हालै गगनगौंडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा सहकारीमा आवद्ध ६० जनालाई मुक्तिनाथ क्षेत्रको अवलोकन भ्रमण गराइएको जानकारी दिँदै सहकारीका सचिवसमेत रहेका उहाँले देशका ठाउँ ठाउँबाट ठूलो सङ्ख्यामा दर्शनार्थी मुक्तिनाथ पुगेको जानकारी दिनुभयो।

तीन वर्षअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मुक्तिनाथको भ्रमणसँगै भारतीय धार्मिक पर्यटक आउने क्रमले गति लिएको थियो।

# मालढुङ्गा-बेनी सडकखण्डमा पाँच घण्टा यातायात बन्द हुने

पोखरापत्र संवाददाता
पर्वत, २३ चैत

मुस्ताङ र म्याग्दीलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मालढुङ्गा-बेनी सडकखण्डमा दैनिक पाँच घण्टा यातायात बन्द हुने भएको छ।

जिल्ला प्रशासन कार्यालयमा बसेको सरोकारवालाको बैठकले मालढुङ्गा-बेनी सडक निर्माणलाई गति दिन आगामी वैशाख ३ देखि वैशाख २५ गतेसम्म दैनिकरुपमा सवारीसाधन चलाउन रोक लगाउने निर्णय गरेको हो । प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाको अध्यक्षतामा बसेको बैठकले बिहान ११ देखि दिउँसो ४ बजेसम्म यातायात बन्द गर्ने निर्णय गरेको हो । सवारीसाधनको चापले सडक विस्तारको काम प्रभावित बनेपछि बेनी-जोमसोम-कोरला सडक आयोजना र निर्माण कम्पनी एपेक्स-खड्का कृष्ण जेभीले जिल्ला प्रशासन कार्यालय समक्ष समय व्यवस्थापनको प्रस्ताव गरेको थियो । हाल तेह्र किलोमिटर लामो सडक स्तरोन्नति र कलोपत्रको काम भइरहेको छ।


**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशु सेवा विभाग**
**राष्ट्रिय पशु प्रजनन कार्यालय**
**पोखरा, कास्की**

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति २०७८/१२/२४**

यस कार्यालयबाट विभिन्न कृत्रिम गर्भाधान प्रयोजनका लागी वोलपत्र (इ.टेण्डर) को माध्यमबाट खरिद गरिने बंगुरको जमेको वीर्य खरिद तथा आपूर्ति सम्बन्धी ठेक्काहरूमा प्राप्त बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाताको बोलपत्र छनौट हुने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि उक्तबोलपत्रहरूसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं | विवरण | छनौट हुने बोलपत्रदाता | बोल कबोल रकम मु.अ.कर बाहेक |
|---|---|---|---|
| १ | Supply and Delivery of Swine Frozen Semen (Landrace, Yorkshire and Duroc) Contract Id No. NLBO/NCB/G/2078-79/15) | Techline International Pvt. Ltd. Lalitpur | 35,79,840.00 |



**हरिनास गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चित्रे भञ्ज्याङ, स्याङ्जा**
**गण्डकी प्रदेश**

**प्रथम पटक प्रकाशित मिति** : २०७८/१२/२४

यस कार्यालयका लागि सूचना प्रविधि अधिकृत (विविध सेवा/छैटौं तह) पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा राजश्व तिरेको रसिद वा यस कार्यालयको खाता नम्बर ०८५००३४८११९००००७ मा रकम जम्मा गरेको भौचर सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ४/०७८/०९ | सूचना प्रविधि अधिकृत | अधिकृत छैटौं | १ एक |

१. **आवश्यक न्यूनतम योग्यता** :
**शैक्षिक योग्यता** : नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट सूचना प्रविधि विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ।
२. **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
३. **दरखास्त दिने स्थान** : हरिनास गाउँपालिकाको कार्यालय, हरिनास, स्याङ्जा।
४. **आवेदन दस्तुर** : रु.७००।-
५. **सेवा सुविधा** : करार सम्झौता बमोजिम।
६. **छनौट किसिम** : संक्षिप्त सूची प्रकाशन र अन्तवार्ता।
७. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु** : शैक्षिक योग्यताको फोटोकपी, नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपी पेश गर्नुपर्नेछ। साथै पेश गरिएका कागजातहरुमा उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ।
८. **संक्षिप्त सूची प्रकाशन मिति** : २०७९/०२/०९
९. **अन्तर्वार्ता मिति** : २०७९/०२/११ गते बिहान १० बजे

हरिनास गाउँपालिका कार्यालय, हरिनास स्याङ्जा

**प्रमुख प्रशासकीय अधिकृत**